**मिति २०७७।१२।०४ गते बसेको ७५औं कार्यपालिका बैठकका निर्णयहरु :**

**निर्णय नं. १**

यस परिवर्तन गाउँपालिकाको नबौं गाउँसभा यहि मिति २०७७ चैत्र १० गते विहान ११ वजे वस्ने गरी मिति तय गर्ने निर्णय गरियो ।

**निर्णय नं. २**

आ.व.२०७७/०७८ को हाल सम्म विभिन्न विषयगत शाखा तथा समितिहरुले गरेका क्रियाकलापहरुको सम्बन्धमा व्यापक छलफल गर्दा गाउँपालिकाको समग्र सेवा प्रवाह तथा विकास निर्माणका कार्यहहरु सन्तोष जनकरुपमा सम्पादन भएको पाइएकोले उक्त प्रतिबेदनलाई अनुमोदनका लागी नबौं गाउँसभाको बैठकमा पेश गर्ने निर्णय गरियो ।

**निर्णय नं. ३**

यस परिवर्तन गाउँपालिकाको चालु आ. व. २०७७।७८ मा विनियोजित बजेटको हाल सम्मको खर्चको अवस्था तथा गाउँपालिकाको आवश्यकता समेतका आधारमा चालु खर्च शिर्षकमा विजियोजन भएको बजेटलाई देहाय बमोजिम संसोधन प्रस्ताव गाउँ सभामा पेश गर्ने निर्णय गरियो ।

चालु तर्फ :

तपसिल

| क.स. | घटाउनु पर्ने | | वढाउनु पर्ने | |
|---|---|---|---|---|
| | शिर्षक | वजेट | शिर्षक | वजेट |
| १ | २२६१३ विशिष्ट व्यक्ति तथा प्रतिनिधि मण्डलको भ्रमण खर्च | २,००,०००। | २८१४३सवारी साधन तथा मेशिनरी औजार भाडा | ५,००,०००। |
| २ | २२७२१ सभा संचालन खर्च | २,००,०००। | | |
| ३ | २५३१५ अन्य सस्था सहायता | ५,००,०००। | | |
| ४ | २११११ पारिश्रमिक कर्मचारी | १२,००,०००। | २२२१३ सवारी साधन मर्मत | १०,००,०००। |
| | | | २२४१२ सूचना प्रणली तथा सफ्टवेयर संचालन खर्च | ५,००,०००। |
| | | | २२३१३ पुस्तक तथा सामग्री खर्च | १,००,०००। |
| ५ | २११३४ कर्मचारीको वैठक भत्ता | १,००,०००। | २२३११ मसलन्द तथा कार्यालय समाग्री | ३,००,०००। |
| ६ | २१२१४ कर्मचारी कल्याण कोष | २,००,०००। | २२५२२ कार्यक्रम खर्च | २,००,०००। |
| ७ | २२१११ पानी तथा विजुली | २,००,०००। | | |
| | जम्मा | २६,००,०००। | | २६,००,०००। |

**पुजिगत तर्फः**

| क.स. | घटाउनु पर्ने योजना तथा कार्यक्रमहरु | | संसोधन गर्नुपर्ने योजना तथा कार्यक्रमहरु | |
|---|---|---|---|---|
| | शिर्षक | वजेट | शिर्षक | वजेट |
| १ | समपुरक अनुदान वाकी | १७,००,०००। | पाछ्वाङ स्वास्थ्यचौकी म्याचिङ | २,००,०००। |
| २ | आ.व.समिक्षा चौमासिक समिक्षा | २,००,०००। | राङसी स्वास्थ्यचौकी शौचालय र वर्थिङ सेन्टर निर्माण म्याचिङ | ४,००,०००। |
| ३ | सडक डिलमा वृक्षारोपण | २,००,०००। | छरछरे खोला खानेपानी म्याचिङ | २,००,०००। |
| ४ | सामुदायीक वन उपभोक्ता पदाधिकारीहरुलाई तालिम | २,००,०००। | त्रिवेणी खोला वर्थिङसेन्टर म्याचिङ | ८,००,०००। |
| ५ | औषधि भण्डारणका लागि स्टिल र ऱ्याक तथा आवश्यक फर्निचर खरिद | १,००,०००। | सामुदायीक स्वास्थ्य ईकाई केन्द्र वागमारा म्याचिङ | ३,००,०००। |
| ६ | प्रतिफलमा आधारित अनुदान | १०,००,०००। | श्री जनसेवा मा.वि.राङसी म्याचिङ | ६,२५,०००। |
| ७ | मा.वि./नि.मा.वि. शिक्षकहरुको क्षमता अभिवृद्धि तालिम | १,४६०००। | गहुको विउ खरिद र ढुवानी | २,२५,०००। |
| | | | भुतखोला खा.पा.मर्मत | २,००,०००। |
| | | | कुङरी खोला सल्याप पुल | ३,९६,०००। |
| | | | दारिम खोला सल्याप पुल | २,००,०००। |
| | जम्मा | ३५,४६,०००। | | ३५,४६,०००। |

**निर्णय नं. ४**

यस परिवर्तन गाउँपालिकाको चालु आ. व. २०७७।७८ मा विनियोजित बजेटको हाल सम्मको खर्चको अवस्था र आवश्यकता समेतका आधारमा पुजिगत खर्च शिर्षकमा विजियोजन भएको बजेटलाई वडा कार्यालयको निर्णय अनुसार पेश भएको संसोधन प्रस्ताव गाउँ सभामा पेश गर्ने निर्णय गरियो।

**निर्णय नं. ५**

आ.व.२०७७/०७८ मा संचालन हुने १४ वटा योजनाहरुलाई सिलवन्दी वोलपत्रको माध्यमवाट प्रतिस्पर्धात्मक गराई योजना कार्यन्वयनको लागि छनौट भई सकेको सन्दर्भमा पहिलो विनियोजित जम्मा वजेटवाट सिलवन्दी वोलपत्रको कवोल रकम घटेर ठेक्का परेकोले वाकी हुन आएको जम्मा रकम सोही योजना संग सम्वन्धित योजनाको बाँकी काममा प्राविधिक लगत स्टिमेटको आधारमा कार्यन्वयन हने गरी खर्च गर्ने निर्णय गरियो ।

## तपसिल

| क्र. स. | योजनाको नाम | ठेगाना | बचत रकम |
|---|---|---|---|
| १ | पुतलाचौर गा.पा.जोड्ने पक्की पुल निर्माण | परिवर्तन ५ रोल्पा | ५,१९,५७३।- |
| २ | आरखोला खानेपानी आयोजना पाछावाङ | परिवर्तन ४ रोल्पा | ४,११,५७१।- |
| ३ | छहराखोला कोप्चीखेत भालुकोट खानेपानी योजना वडानं.३ | परिवर्तन ३ रोल्पा | २,५२,६८४।- |
| ४ | श्री जनकल्याण माध्यामिक विद्यालय त्रिवेणीखोला वडानं.५ | परिवर्तन ५ रोल्पा | २,५३,४७०।- |
| ५ | माध्यामिक विद्यालय जाखर फिल्ड निर्माण वडानं.२ | परिवर्तन २ रोल्पा | ३,८५,९७६।- |
| ६ | फुलवारी खानेपानी आयोजना | परिवर्तन १ रोल्पा | ५९,९०,४२६।- |
| ७ | गोरीचौर भालुकोट त्रिवेणीखोला मो.वा. निर्माण | परिवर्तन ५ रोल्पा | ३१,४८,२३६।- |
| ८ | दुमैखोला राहेकाते राक्सेवाङ लुम्चेरी सिरुवाली कालापोखरा मो.वा.निर्माण | परिवर्तन ४ रोल्पा | ३२,७१,८४४।- |
| ९ | थुनिकोट केउरी इरिवाङ कालापोखरा मो.वा.निर्माण | परिवर्तन ३ रोल्पा | ३३,२१,४०९।- |
| १० | ५ नं.स्वास्थ्य भवन निर्माण | परिवर्तन ५ रोल्पा | ६,७७,३२३।- |
| ११ | भिंजा इरिवाङ खलडाँडाँ खानेपानी आयोजना | परिवर्तन ६ रोल्पा | २०,२६,८५४।- |
| १२ | ६ नं. वडा कार्यालय भवन निर्माण | परिवर्तन ६ रोल्पा | १३,०५,३७७ - |
| १३ | २ नं. वडा कार्यालय भवन निर्माण | परिवर्तन २ रोल्पा | ९,४९,७६३।- |
| १४ | ३ नं. वडा कार्यालय भवन निर्माण | परिवर्तन ३ रोल्पा | १२,३२,८७४। - |

**निर्णय नं. ६**

विश्वमा महामारीको रुपमा फैलिईरहेको कोरोना भाईरस Covid-19 को कारण लकडाउन भई देश विषम परिस्थितिमा भएको वखत गाउँपालिकाले सवै वडामा क्वारेन्टाइनको स्थापना र हेल्पडेस्कको स्थापना गरेकोले देश तथा विदेशवाट यस गाउँपालिकामा भित्रिने व्यक्तिहरुलाई क्वारेन्टाइनमा राख्ने र स्वास्थ्य परीक्षणको लागि स्वास्थ्य कर्मीहरुलाई स्वास्थ्य संस्था ,क्वारेन्टाइन र हेल्पडेस्कमा खटाइएको र क्वारेन्टाइन व्यवस्थापन ,रिपोर्टिङ,अनुगमनको लागि लकडाउनको समयमा दैनिक रुपमा कार्यालयमा उपस्थित भएका केही कर्मचारीहरुलाई १ महिना वरावरको तलव स्केल सरह जोखिम भत्ता उपलव्ध गराउने र लकडाउनको समयमा विभिन्न स्थानको क्वारेन्टाइनमा खटाइएको सुरक्षाकर्मीहरुलाई कामको आधारमा जोखिम भत्ता उपलव्ध गराउने गाउँ कार्यपालिकाको पुर्व निर्णय अनुसार गत आ.व.मा प्रकोप व्यवस्थापन कोषमा बजेट अभाव भएको हुदा चालु आ.व.मा सम्बन्धीत शिर्षकमा विनियोजित बजेटबाट रकम भुक्तानी दिने निर्णय गरियो ।

**निर्णय नं.७**

व्यक्तिगत घटना दर्ता तथा सामाजिक सुरक्षा कार्यक्रमलाई प्रभावकारी तुल्याउनको लागि राष्ट्रिय परिचय पत्र तथा पञ्जीकरण विभागको परिपत्रानुसार यस परिवर्तन गाउँपालिकामा १ जना एम.आई.एस.अपरेटर र २ जना फिल्ड सहायक रहने गरी करार नियुक्ती दिइएकोमा व्यक्तिगत घटना दर्ता तथा सामाजिक सुरक्षा कार्यक्रमलाई सुदृढिकरणको लागि तोकिएको समयमा काम नसकिने भएको कारण आ.व.२०७८/०७९ मा सेवा इकाईको तलव मध्ये एक चौमासिक वापत हुन आउने वजेट गाउँपालिकाबाट साझेदारीको लागि प्रतिवद्धता गर्ने निर्णय गरियो ।

**निर्णय नं. ८**

यस परिवर्तन गाउँपालिकाको स्वीकृत दरबन्दी तेरिज अनुसार  तपसिल बमोजिमका केही पदहरु रिक्त रहेकोले लुम्बिनी प्रदेश, मुख्य मन्त्री तथा मन्त्रीपरिषदको कार्यालय मार्फत प्रदेश लोक सेवा आयोगमा माग गरी पठाउने निर्णय गरियो ।

तपसिल

| क्र.स. | पद | तह | सेवा /समुह | माग संख्या | कैफियत |
|---|---|---|---|---|---|
| १ | सहायक महिला विकास निरीक्षक | चौथो | विविध | १ जना | |
| २ | अधिकृत (पशु) | सातौ/आठौं | नेपाल कृषि | १ जना | |
| ३ | पशु सेवा प्राविधिक | पाँचौ | ला.पो.डे.डे. | १ जना | |
| ४ | प्राविधिक सहायक | पाँचौं | नेपाल कृषि | २ जना | |
| | **जम्मा** | | | **५ जना** | |

**निर्णय नं ९**

यस परिवर्तन गाउँपालिका अन्तरगत वडा कार्यालय तथा स्वास्थ्य संस्थाहरुमा गाउँपालिकाबाट करार नियुक्ति पाई कामकाज गर्दै आएका सहायक स्तरका कर्मचारीहरु, सामाजिक परिचालकहरु, कार्यालय सहयोगीहरु र अन्य कर्मचारीहरुको कार्य सम्पादनको आधारमा २०७७ माघ १ दखि २०७८ असाढ मसान्त सम्म करार अवधी थप गर्ने निर्णय गरियो ।